मुख्यमन्त्री

कोशी प्रदेश, विराटनगर नेपाल

# शुभकामना सन्देश

नेपालमा विभिन्न जातजाति, वर्ग र समुदायले उल्लास र भक्तिपूर्वक मनाउने माघे सङ्क्रान्ति, मकर सङ्क्रान्ति, कोक्फेवा तङनाम, येले तङ्वे, येलेदोङ, यलम्बर सम्वत् ५०८४ र माघी पर्वका उपलक्ष्यमा देश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपाली तथा कोशी प्रदेशवासी दिदीबहिनी र दाजुभाइमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य तथा उतरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

यो पर्व स्नान, दान, पूजाअर्चना, मनोरञ्जन, सख्खर, तिल, तरुललगायतका विभिन्न परिकार तथा मिष्ठान भोजन गरी मनोरञ्जन गर्दै सबै समुदायले आ-आफ्नै सांस्कृतिक परम्परा अनुसार मनाउने गरेका छन् । थारु समुदायले 'माघी पर्व', मगर समुदायले 'मकर सकराती', किराँत समुदायले 'कोक्फेवा तङ्नाम, येले तङ्वे, येलेदोङ, यलम्बर सम्वत् ५०८४' नयाँ वर्षको रुपमा समेत मनाइरहेका छन् । नेपालको अलौकिक साँस्कृतिक सम्पदाको रुपमा रहेका यस्ता पर्वहरुले हाम्रो देश तथा प्रदेशलाई विश्वभरि सुपरिचित गराउन महत्वपूर्ण भूमिका निर्वाह गरिरहेका छन् ।

कोशी प्रदेश सरकार विविध भाषा, धर्म, संस्कृति र परम्पराको संरक्षण र उन्नयनका लागि क्रियाशील छ । यस पर्वले हाम्रो समाजका विभिन्न जातजाति, भाषाभाषी, भेषभूषा, धर्म, संस्कृतिबिच मेलमिलाप अभिवृद्धि गरेर सामाजिक, सांस्कृतिक सहिष्णुता र सद्भावलाई सुदृढ बनाउँदै राष्ट्रिय एकताको प्रवाहलाई सशक्त बनाउने मैले विश्वास लिएको छु ।

अन्तमा विभिन्न समुदायले फरक-फरक नाम र मान्यताअनुसार मनाउने यस पर्वका अवसरमा फेरि पनि हार्दिक मंगलमय शुभकामना प्रकट गर्दछु ।

मिति २०८० माघ १ गते
नेपाल संवत् ११४४ पोहेलाथ्व पञ्चमी

.....................................
केदार कार्की
मुख्यमन्त्री
कोशी प्रदेश, विराटनगर नेपाल